## आ.व. २०८१/८२ को चौविसौँ कार्यपालिका बैठक

आज मिति २०८२।०२।१२ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री प्रकाश विष्ट | अध्यक्ष | |
| श्री कमलापति चौधरी | उपाध्यक्ष | |
| श्री गेमे खड्का | सदस्य | |
| श्री पहलवान चौधरी | सदस्य | |
| श्री उमेश अधिकारी | सदस्य | |
| श्री विर वहादुर चौधरी | सदस्य | |
| श्री देव प्रसाद चौधरी | सदस्य | |
| श्री दीपक कुमार चौधरी | सदस्य | |
| श्री सिताराम चौधरी | सदस्य | |
| श्री चन्द्र बहादुर गुरुङ | सदस्य | |
| श्री रिम वहादुर सुनारी मगर | सदस्य | |
| श्री पार्वती सुवेदी | सदस्य | |
| श्री चम्फा भुसाल | सदस्य | |
| श्री रण बहादुर पुजाली सार्की | सदस्य | |
| श्री गिता चौधरी | सदस्य | |
| श्री सावित्री चौधरी | सदस्य | |
| श्री संजिव परियार | सदस्य | |
| श्री देविराम पाठक | सदस्य सचिव | |
| | **आमन्त्रित** | |
| श्री लेखा भण्डारी | वरिष्ठ लेखा अधिकृत | |
| श्री विकास ज्ञवाली | प्रशासकीय अधिकृत | |
| श्री रेशमराज अधिकारी | वरिष्ठ लेखा सहायक | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

प्रकाश विष्ट
अध्यक्ष

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भलुबाङ, देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०८१।०२।१२ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु**

- प्रदेश सरकार समक्ष माग गर्ने योजना सम्बन्धमा।
- लालमटिया स्वास्थ्य चौकीको भवन तथा उपकरण भालुवाङ अस्पताललाई हस्तान्तरण गर्ने सम्बन्धमा।
- नवप्रतिभा आधारभुत विद्यालयको जग्गा सम्बन्धमा।
- न्याय सम्पादन निवेदन सम्बन्धमा।
- योजनाको संसोधन/ रकमान्तर सम्बन्धमा ।
- कार्यक्रम विवरणमा नाम फरक परेका योजनाको भुक्तानी सम्बन्धमा।
- कार्यान्वयन नभएका योजना/कार्यक्रम सम्बन्धमा।
- कार्यदलको म्याद थप सम्बन्धमा।
- तरकारी खेती प्रोत्साहन सम्बन्धमा।
- नागरिक सूचना प्रणाली सम्बन्धमा ।
- जग्गा वर्गिकरण सम्बन्धमा।

प्रकाश विष्ट
अध्यक्ष

गाउँकार्यपालिकाको कार्यालय मसुरिया, दाङ लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

**मिति २०८२।०२।१२ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१** — लुम्बिनी प्रदेश सरकारको आ व २०८२।८३ को बार्षिक बजेट तथा कार्यक्रममा राप्ती गाउँपालिकाका देहाय बमोजिमका योजना समावेशका लागि अनुरोध गर्ने ।

| क्र सं. | योजनाको नाम | कार्यान्वयन हुने वडा | कैफियत |
|---|---|---|---|
| १ | पाखापानी नवप्रतिभा विद्यालय जाने बाटो कालोपत्रे | वडा नं.१ | |
| २ | आपखोली सडक नाला निर्माण तथा स्तरोन्नती | वडा नं.१ | |
| ३ | सिद्धेश्वरी मन्दिर परिसर ईको पार्क विस्तार | वडा नं.१ | |
| ४ | घना वस्ती विकास अधुरो कार्यक्रम | वडा नं.२ | |
| ५ | वडा नं.१ र २ जोड्ने बाटोमा पक्की नाला निर्माण | वडा नं.२ | |
| ६ | हर्षेडाडाँ विकास कार्यक्रम | वडा नं.२ | |
| ७ | आदर्श टोल वाटो स्तरोन्नती | वडा नं.३ | |
| ८ | मसुरिया खुरुरिया बाटो स्तरोन्नती | वडा नं.३ | |
| ९ | प्रगति टोल सडक स्तरोन्नती | वडा नं.३ | |
| १० | मावि मौरीघाट अधुरो सडक स्तरोन्नती | वडा नं.४ | |
| ११ | पैसट्ठी नम्बर बुढिचौर सडक स्तरोन्नती | वडा नं.४ | |
| १२ | जनकपुर तिनकुने देखि मसुरिया जाने दामोदर सडक स्तरोनन्ती | वडा नं.४ | |
| १३ | दोलाईखोला लठूहवा सिङ्गे सडक स्तरोन्नती | वडा नं.५ | |
| १४ | सर्वोदय मावि पर्खाल निर्माण | वडा नं.५ | |
| १५ | सगरापुर सडक कालोपत्रे | वडा नं.६ | |
| १६ | मझेरिया सडक कालोपत्रे | वडा नं.६ | |
| १७ | थारु संग्रहालय संरक्षण र प्रवर्द्धन कार्यक्रम | वडा नं.६ | |
| १८ | सगरापुर वाल विकास भवन मर्मत | वडा नं.६ | |
| १९ | कल्भर्ट निर्माण छोटकी सिसहनिया १ | वडा नं.७ | |
| २० | कल्भर्ट निर्माण छोटकी सिसहनिया २ | वडा नं.७ | |
| २१ | जगपुर सडक कालोपत्रे | वडा नं.७ | |
| २२ | रामघाट धार्मिक पर्यटन क्षेत्र प्रवर्द्धन कार्यक्रम | वडा नं.७ | |
| २३ | श्रीनगर धार्मिक पर्यटकीय क्षेत्र प्रवर्द्धन कार्यक्रम | वडा नं.८ | |
| २४ | विजौरी उत्तर दक्षिण सडक स्तरोन्नती | वडा नं.८ | |
| २५ | कोलहुवा भैसवार खोला-मिलनडाडाँ सडक स्तरोन्नती | वडा नं.८ | |
| २६ | जावुने सिम्ले सडक स्तरोन्नती | वडा नं.९ | |
| २७ | भद्राक्षी देवी पर्यटकीय क्षेत्र विकास कार्यक्रम | वडा नं.९ | |
| २८ | गढी थुम्का लेकको ऐतिहासिकता संरक्षण | वडा नं. ५ र ९ | |

प्रकाश विष्ट
अध्यक्ष

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, दाङ
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.२**-भालुवाङ अस्पतालको च.नं. २६१ मिति २०८२।०२।०४ को पत्रानुसार माग भए बमोजिम औजार/उपकरण र लालमटिया स्वास्थ्य चौकीको भवन (सोलार प्यानल सहित) भालुवाङ अस्पताल आफ्नै भवनमा स्थानान्तरण नहुदा सम्मको लागि उपलब्ध गराउने।

**निर्णय नं.३** – नवप्रतिभा आधारभुत विद्यालय, राप्ती गापा १ पाखापनीले भोगचलन गरिएको कित्ता नं. २४ को फिल्डबुक र ट्रेस नक्साको आधारमा विद्यालयको जग्गा नियमानुसार नाममा कायम गर्ने प्रकृयाको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।

**निर्णय नं.४**- श्री डिलाराम पौडेल, लिटिल एन्जल्स स्कुल राप्ती गापा १ को नाममा प्राप्त निवेदनको विषयमा शिक्षा समितिले सरोकालवालाहरु पक्ष बाट छलफल गरी समस्या समाधानमा सहजिकरण गर्ने ।

**निर्णय नं.५** - राप्ती गाउँपालिकाको आ व २०८१।८२ को स्विकृत बार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत देहायका योजना तथा कार्यक्रमको रकमान्तर/संसोधन प्रस्ताव आगामी गाउँसभाबाट अनुमोदन हुने गरी स्विकृत गर्ने।

| योजनाको नाम | विनियोजित रकम | संसोधित नाम | विनियोजित रकम |
|---|---|---|---|
| स्व मुकेश चौधरी स्मृति कार्यक्रम, मुकेश चोक, वडा नं. ६ मझेरिया | १०००००/- | स्व मुकेश चौधरी स्मृति कार्यक्रम, वडा नं. ६ पत्थरगढवा | १०००००/- |
| दुध उत्पादनमा आधारित अनुदान | १९५००००/- | दुध उत्पादनमा आधारित अनुदान | १८८००००/- |
| | | पशुहरुमा कृत्रिम गर्भधान कार्यमा अनुदान | ७००००/- |

**निर्णय नं.६**- राप्ती गाउँपालिकाको आ व २०८१।८२ को स्विकृत बार्षिक वजेट तथा कार्यक्रम अन्तर्गत देहायका योजनाहरु एकिकृत गरी भुक्तानी दिने।

**(क) वडा नं. २ तर्फ**

a. रामनगर सुसमाचार मण्डली निर्माण
b. धार्मिक सभा हल निर्माण वडा नं.२

**(ख) वडा नं.३ तर्फ**

a. सिसहनिया भानपुर कुलोमा कल्भर्ट निर्माण
b. मसुरिया देखि खुरुरिया जाने बाटो तथा पक्की नाला निर्माण

**निर्णय नं.७** -राप्ती गाउँपालिकाकाको आ व २०८१।८२ को बार्षिक बजेट तथा कार्यक्रममा स्विकृत कार्यक्रम तथा आयोजनाको हकमा स्रोत अभावका कारण वडा तथा गाउँपालिकाको शाखा समेतका स्रोत सुनिश्चितता नभएका योजना तथा कार्यक्रमको कार्यन्वयन पकृया अगाडी बढाउने।

**निर्णय नं.७** -राप्ती गाउँपालिकाकाको आ व २०८१।८२ को बार्षिक बजेट तथा कार्यक्रममा स्विकृत कार्यक्रम तथा आयोजनाको हकमा स्रोत अभावका कारण वडा तथा गाउँपालिकाको शाखा समेतका स्रोत सुनिश्चितता नभएका योजना तथा कार्यक्रमको कार्यन्वयन पकृया अगाडी बढाउने ।

**निर्णय नं.८**- राप्ती गाउँपालिकाको शिक्षक दरवन्दी तथा अनुदान पुनर्वितरण तथा मिलान सम्बन्धी कार्यका लागि गठित कार्यदलको म्याद मिति २०८२ जेठ मसान्त सम्म थप गर्ने ।

**निर्णय नं.९** – राप्ती गाउँपालिकामा तरकारी खेती गर्ने किसानहरुलाई क्षेत्रफलका आधारमा प्रोत्साहन सहयोग कार्यविधि, २०८० बमोजिम रु २००० तोकिएकोमा बजेट अभावका कारण प्रतिकट्ठा रु १२५० का दरले भुक्तानी दिने ।

**निर्णय नं. १०**- नागरिक सुचना प्रणालीमा यस अघि २०८२/०१/१२ गतेको निर्णय अनुसार गणकहरुलाई प्रति फारम बराबर रु. १० रुपैया उल्लेख भएको तर सञ्चार खर्च बापत रु. १००० दिने निर्णय छुट भएकाले प्रति व्यक्ति (प्रति गणक) लाई सञ्चार वापतको रु. १००० दिने निर्णय गरियो ।

**निर्णय नं.११** – राप्ती गापा वडा नं ४ नयाँगाउँ स्थित प्रति ऐलानी जग्गा राप्ती गाउँपालकाको कित्तागत भूउपयोग वर्गिकरणमा आवासिय क्षेत्रमा वर्गिकृत गरिएकोमा उक्त जग्गालाई कृषि क्षेत्रमा परिवर्तन गरी वर्गिकरण गर्नका लागि संघीय भू उपयोग परिषदमा अनुरोध गर्ने ।